आज मिति २०७७/०१/२४ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

**उपस्थिति**

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | खिम |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | विमला |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री अनिल पौडेल | प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

## मितिः २०७७।०१।२४ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : बुद्धभूमि न.पा.को राहत सामाग्री वितरण कार्यविधि २०७६ परिमार्जन सम्बन्धमा ।**

निर्णय : कोरोना भाईरस (कोभिड-१९) रोगका कारण मिति २०७६।१२।११ देखि भएको लकडाउनवाट प्रभावित दैनिक ज्यालादारी गरी खाने श्रमजीवि बर्ग, असहायहरु लाई लक्षित गरी बुद्धभूमि न.पा.को **राहत सामाग्री वितरण कार्यविधि २०७६ परिमार्जन गर्न आवश्यक देखिएकोले अनुसूची ६ थप र तपसिल बमोजिम हुने गरी परिमार्जन गर्ने निर्णय गरियो ।**

**तपसिलः**

क) अनुसूचि–६, कार्यविधिको दफा २ को (ठ) सँग सम्बन्धित)

राहत सामाग्री पाउने परिवार भन्नाले असङ्गठित क्षेत्रमा कार्यरत निम्न श्रमिक वर्ग तथा असहायहरु लाइ भनिन्छ ।

क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

ग) ट्रक, ट्रिपर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

च) गिटी कुट्ने, बालुवा चाल्ने तथा ईट्टाभट्टामा काम गर्ने मजदुर,

छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

ज) नाङलो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान विक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

झ) देहायका यातायात मजदुरः

१) अन्य व्यक्तिको माल बाहक सावरी तथा डेलीभरी भ्यान चालउने सावरी चालक, सहचालक,

२) दैनिक ठेक्का वा ज्यालामा टयाक्सी तथा टेम्पो चलाउने सवारी चालक,

३) रिक्सा तथा ठेलागाडा चालक,

४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ्ग, गलैंचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

ट) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

ठ) अन्य जिल्लाका यस नगरपालिका भित्र डेरा गरी बस्ने रोजगारीका लागि भारत÷विदेशमा रहेका खर्च पठाउन नसकेका परिवार ।

उपरोक्त अनुसारका परिवारबाट वडा कार्यालयमा साँझ विहान खाना नपाइएको भनी राहत माग गर्न आएमा अनुसूची १ बमोजिम विवरण भरी सोको वडा समन्वय समितिले छानविन गरी मात्र राहत उपलब्ध गराउने सूची वडाले जारी गरेको परिवारलाई राहत सामाग्री पाउने परिवार मनिने छ ।

ख) अनुसूची ४ लाई निम्न बमोजिम परिमार्जन गर्ने ।

**परिवारको सदस्य संख्या र परिवार संख्याको विवरण**

| वडा नम्वर | साविक गाविसको नाम | १ जना सदस्य | २ जना सदस्य | ३ जना सदस्य | ४ जना सदस्य | ५ जना सदस्य | ६ जना जना वा सो भन्दा वढी सदस्य भएको परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| क्र स | | प्रति परिवार राहत सामानको दर | | | | | |
| १ | चामल के.जी. | 5 | 10 | 15 | 20 | 25 | 30 |
| २ | दाल के.जी. | 1 | 1 | 1 | 2 | 2 | 3 |
| ३ | तेल लिटर | 1 | 1 | 1 | 2 | 2 | 2 |
| ४ | नून के.जी. | 1 | 1 | 1 | 2 | 2 | 2 |
| ५ | साबुन | 1 | 2 | 2 | 3 | 3 | 4 |

**प्रस्ताव नं. २ : पी सी आर जाँच सम्बन्धमा ।**

निर्णय : कोरोना भाईरसको संक्रमण रोकथाम र नियन्त्रण गर्नको लागि भारत लगायत अन्य जिल्लाबाट आएका व्यक्तिहरूलाई क्वारेन्टाइनमा दुई हप्ता राख्ने निर्णय बमोजिम क्वारेन्टाइनमा बस्दै आएका व्यक्तिहरूलाई पि सी आर जाँचको लागि अन्य पालिकाहरू सँगको सहकार्यमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाण्डौं तथा प्रदेश सरकार सँग टेस्ट किट माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : क्वारेन्टाइनको क्षमता थप गर्ने सम्बन्धमा।**

निर्णय : कोरोना भाईरसको संक्रमण रोकथाम र नियन्त्रण गर्नको लागि भारत लगार्यत अन्य जिल्लाबाट आएका व्यक्तिहरूलाई क्वारेन्टाइनमा दुई हप्ता राख्ने निर्णय बमोजिम क्वारेन्टाइनमा ४० जना क्षमताको नगरस्तरीय क्वारेन्टाइन व्यवस्थापन गरिएकोमा दिनानुदिन भारत लगायत अन्य जिल्लाबाट आउनेको संख्या बढ्दै गएकोले गौतमबुद्ध मा.वि. गोरूसिंगेमा रहेको क्वारेन्टाइनलाई २ सय जनाको क्षमताको बनाउन व्यवस्थापन मिलाउने र सौ भन्दा बढी भएमा बुद्धभूमि क्याम्पसलाई दोस्रो क्वारेन्टाइनको रूपमा व्यवस्थापन गर्ने तथा क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको खाना खाजाको व्यवस्थापनको लागि मेस सञ्चालन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ : योजना सञ्चालन सम्बन्धमा।**

निर्णय : कोरोना भाईरस (कोभिड-१९) रोगका कारण मिति २०७६।१२।११ देखि भएको लकडाउनवाट नेपाल सरकारको राजश्व असुलीमा समेत ह्रास आउने हुदा राजश्व बाँडफाँडबाट प्राप्त हुने बजेटमा समेत असर पर्ने कुरालाई मध्ये नजर राख्दै राजश्व बाँडफाँड शीर्षकबाट सञ्चालन हुने सम्झौता भई सकेका योजनाहरूलाई कार्यान्वयन अगाडी बढाउने र सम्झौता हुन बाँकी रहेका योजनाहरूलाई कार्यालयले राजश्व असुलीको आधारमा समानुपातिक रूपमा कार्यान्वयन ल्याउने निर्णय गरियो।

**प्रस्ताव नं. ५ : भिटिएम सेट खरिद सम्बन्धमा।**

निर्णय : नेपाल सरकार र प्रदेश सरकारबाट न्यून संख्यामा प्राप्त हुन आएका पीसीआर सेटका लागि स्वाव संकलन र Preservation का लागि जरूरी रहेको भिटिएम सेट सार्वजनिक खरिद बिधिको अवलम्बन गरी १००० सेट खरिद गर्ने।

**प्रस्ताव नं. ६ : कार्यालयको भण्डार तथा अन्य प्रयोजनार्थ भाडा लिने सम्बन्धमा।**

निर्णय : कार्यालयको भण्डार तथा अन्य प्रयोजनार्थ यस अघि कार्यालय प्रमुख निवास रहेकै घरमा रहने गरी उपयुक्त हुने देखिएकोले घरधनी सँग लिखित निवेदन माग गरी निवास प्रयोजनका लागि तिरिएको घरभाडामा नबढने गरी सोही क्षेत्रफल बराबरको तल्ला सम्झौता गरी भाडामा लिई प्रयोग गर्ने व्यवस्था मिलाउने ।

**प्रस्ताव नं. ७ : गाडी भाडा सम्बन्धमा।**

निर्णय : अर्को व्यवस्था नभए सम्मका लागि क्वारेन्टाइन लगायत स्वास्थ्य प्रयोजनका लागि गाडी धनी सँग निवेदन लिई दैनिक (प्रयोग गरेको दिनको हकमा भाडा तिर्ने) गरी सम्झौता बनाई प्रयोग गर्ने/गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ८ : क्वारेन्टाईन नगरस्तरीय तथा समुदायको डिसन्फेक्सनमा खर्च सम्बन्धमा।**

निर्णय : क) यसै नगरपालिका कर्मचारी राजु चौधरी मार्फत क्वारेन्टाइन व्यवस्थापन, क्लोरिन पाउडर र अन्य व्यवस्थापनको खरिद प्रक्रिया अनुरूप भएको खरिदको हकमा विल अनुरूपको १,७४,५९५।- राजु चौधरी मार्फत भुक्तानी दिने।

ख) स्वास्थ्य सामाग्री खरिद र अन्य व्यवस्थापन खर्च अत्यावश्यकीय रूपमा गनुपर्ने भएकोमा खरिद प्रक्रिया अनुरूप भएको खरिदको हकमा यसै कार्यालयका कर्मचारी राजु चौधरी मार्फत भएको खर्च रू. १,००,३७५।- अनुमोदन गरी निज मार्फत भुक्तानी दिने।

ग) पीपीई, सेनिटाइजर र अत्यावश्यकीय रूपमा खरिद गर्नुपर्ने भएकोमा खरिद प्रक्रिया अनुरूप भएको खरिदको हकमा स्वास्थ्य संयोजक डोल बिक्रम बेल्वासे मार्फत भएको ६५,१९६।- तथा मास्क, ग्लोव लगायत बन्दोवस्ती बापत राजु चौधरी मार्फत भएको १,०१,६०५।- को भुक्तानी तत तत् कर्मचारी मार्फत दिने।

घ) नगर स्तरीय तथा वडा स्तरीय क्वारेन्टाइनका लागि अत्यावश्यकीय खटियाको दररेट यस अघि निर्धारण नभएको देखिएकोले बजार सर्वेक्षण तथा खटियाको उत्पलब्धता समेतलाई विचार गरी प्रतिदिन रू. ३०।- मा नबढ्ने गरी भाडामा लिई प्रयोग गर्ने।

**प्रस्ताव नं. ९ : पारिश्रमिक सम्बन्धमा।**

**निर्णय:** ज्यालादारीमा कार्यरत प्राविधिक कर्मचारीहरू (यस अघि देखि पाउँदै आएको २ जनाको हकमा) समयमा योजनाहरू सम्पन्न गराउन विदाको दिनमा समेत काममा लगाउनु पर्ने देखिएकोले आ.व. का पछिल्ला ३ महिनाको सार्वजनिक विदामा हाजिरीका आधारमा सुविधा दिने।

**प्रस्ताव नं. १० : नदी तथा खोलाहरूको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयार गर्नको लागि कार्यसूची स्वीकृत (TOR) गर्ने सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमि नगरपालिका क्षेत्र भित्रका तपसिल बमोजिम नदी तथा खोलाहरूको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयार गर्नको लागि यस कार्यालयले तयार गरेको कार्यसूची संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वातावरण तथा विपद् व्यवस्थापन शाखाको च.नं. २९ , मिति २०७६।४।२१ गतेको पत्र बमोजिम स्वीकृतिका लागि जिल्ला समन्वय समितिमा अनुरोध गर्ने निर्णय गरियो।

**तपसिल:**

१. घोगवा खोला २. कुचिया खोला ३. झिंगवा खोला ४. अगिया खोला ५. कुन्द्रा खोला ६. गुडरूङ्ग खोला ७. वाणगंगा खोला